जिरी नगरपालिका

# स्थानीय राजपत्र

## जिरी नगर कार्यपालिकाबाट प्रकाशित

खण्ड: २ संख्या २  २०७५ साल असार २८ गते


## भाग-१

## जिरी नगरपालिका

### सूचना ३

### जिरी नगरपालिकाको विनियोजन ऐन, २०७५

नेपालको संबिधानको धारा २२६ बमोजिम जिरी नगरपालिकाको नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानाकारीको लागि प्रकाशन गरिएको छ ।

**प्रस्तावना:** जिरी नगरपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम जिरी नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

सभाबाट स्वीकृत मिति: २०७५।०३।१०

१. **संक्षिप्तनाम र प्रारम्भः** (१) यस ऐनको नाम "जिरी नगरपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन विक्रम सम्बत २०७५ श्रावण १ गतेवाट प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७५।०७६ मा नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ३९,५३,८६,००० (अक्षेरुपी उनान्चालिस करोड त्रिपन्न लाख छयासी हजार रुपैयामात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त जिरी नगरपालिकाको नगरकार्यपालिका कार्यालय, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नगरकार्यपालिका, वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा सार्न तथा एक वा सो भन्दा बढि शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च गर्न सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा व्याज भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ । साथै कुनै कार्यक्रममा विनियोजित रकम सो कार्यक्रम सञ्चालन गर्नुनपर्ने वा अन्य कुनै श्रोतवाट सञ्चालन हुने अवस्था आएमा वा अन्य कुनै कारणवाट सो कार्यक्रमको सबै रकम अन्य पुँजिगत कार्यक्रममा सार्न परेमा औचित्य र कारण खुलाई कार्यपालिकाले निर्णय गरि सार्न सक्नेछ ।

प्रमाणिकरण मिति:२०७५।०३।२८

आज्ञाले,

चक्रपाणि शर्मा

प्रमुख प्रशासकिय अधिकृत

# अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| **१** | **२** | **३** | **४** | **५** | **६** | **७** |
| १ | | नगरकार्यपालिका | ८९४३१ | ७,३०,०० | ० | १६२४३१ |
| २ | | वडा समिति | १८०० | ३,५२,०० | ० | ३७००० |
| | | **जम्मा** | **९१२३१** | **१०८२००** | **०** | **१९९४३१** |
| | | प्रतिशत | ४५.७५ | ५४.२५ | | |
| ३ | | **बिषयगतसशर्त** | | | | |
| | | शिक्षा | ९८९६५ | ० | ० | ९८९६५ |
| | | स्वास्थ्य | ३४८३८ | ० | ० | ३४८३८ |
| | | अन्य | ६२१५२ | ० | ० | ६२१५२ |
| | | जम्मा | १९५९५५ | | | १९५९५५ |
| | | | २८७१८६ | १०८२०० | ० | **३९५३८६** |

संञ्चित कोषबाट विनियोजन हुने रकम